बागमती प्रदेश सरकार

सहकारी तथा गरिबी निवारण मन्त्रालय

# प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय

काठमाडौं, नेपाल।

पत्र संख्या: २०८२/०८३

चलानी नं. ३२

registrar.mocpa@bagamati.gov.np

बागमती प्रदेश सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय काठमाडौं, नेपाल

मिति:२०८२/०९/२९

**विषय: सूचना टाँस सम्बन्धमा।**

**श्री जिल्ला प्रशासन कार्यालय,काठमाण्डौं।**

**श्री जिल्ला प्रशासन कार्यालय,ललितपुर।**

**श्री जिल्ला समन्वय समितिको कार्यालय,काठमाण्डौं।**

**श्री जिल्ला समन्वय समितिको कार्यालय,ललितपुर।**

**श्री प्रदेश लेखा ईकाइ कार्यालय,काठमाडौं।**

**श्री समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, अनामनगर,काठमाडौं।**

उपरोक्त सम्बन्धमा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय,काठमाण्डौंमा स्थापनार्थ मिति २०८२।०९।१७ को माननीय मन्त्रीस्तरको निर्णयानुसार मिति २०८२।०९।२२ गतेबाट अस्थायी रुपमा अनामनगर काठमाडौंमा समितिको कार्यालयबाट कार्य शुभारम्भ भएको हुँदा, कार्यालयको लागि उपयुक्त घर घरभाडामा लिने प्रयोजनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ को उपनियम (१) र उपनियम (११) बमोजिम २०८३ असार मसान्तसम्मको लागि यस कार्यालयलाई घरभाडा दिने प्रस्ताव आव्हानको सात (७) दिने सूचना यसै पत्र साथ संलग्न राखी पठाइएको छ। उक्त सूचना तँहा कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयमा वा registrarbagamati@gmail.com मा पठाइदिनु हुन अनुरोध छ।

..........

(प्रकाश खड्का)

अधिकृत सातौं

**बोधार्थ:**

श्री सहकारी तथा गरिबी निवारण मन्त्रालय,हेटौडा,मकवानपुर (जानकारीको लागि)।

बागमती प्रदेश सरकार

सहकारी तथा गरिबी निवारण मन्त्रालय

# प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय

काठमाडौं, नेपाल।

पत्र संख्याः २० /

चलानी नं.

registrar.mocpa@bagamati.gov.np

## घरभाडामा लिने सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०९/२९

यस प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय काठमाण्डौं उपत्यकामा स्थापनार्थ कार्यालयको लागि काठमाण्डौं उपत्यकाको रिंगरोड क्षेत्रभित्र र रिंगरोड क्षेत्र बाहिर बढीमा २०० मिटर आसपास भित्र पूरै घर भाडामा लिनुपर्ने भएकोले घरभाडामा लिने प्रयोजनको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ को उपनियम (१) बमोजिमको सुचना र उपनियम (११) अनुरुप २०८३ असार मसान्तसम्मको लागि घर भाडामा दिन देहायका शर्तहरु पुगेका इच्छुक घरधनीले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र नागरिकताको प्रमाण पत्र, जग्गाधनी दर्ता प्रमाणपत्र, स्वीकृत नक्सा, घर निर्माण सम्पन्न प्रमाण पत्र र एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी, फर्म वा कम्पनी भए दर्ता नवीकरणको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न राखी आफूले लिन चाहेको मासिक घरभाडा रकम सहित सिलबन्दी प्रस्ताव सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु:**

१. घरसम्म पुग्ने मोटर बाटो भएको, कम्तीमा १४ (चौध) वटा पूर्ण रूपमा निर्मित कोठा भएको, कम्पाउन्ड वाल र शौचालयको राम्रो व्यवस्था भएको, खानेपानी तथा विद्युत सुविधा भएको पक्की घर हुनुपर्नेछ।

२. भाडामा लिइने घरमा कम्तीमा ३ (तीन) वटा चार पाङ्ग्रे हलुका सवारी साधन र १० (दश) वटा दुई पाङ्ग्रे सवारी साधन पार्किङ गर्न मिल्ने पार्किङस्थल भएको हुनुपर्नेछ ।

४. घरधनीले कति रकम घरभाडाको रुपमा प्रस्तावित गरेको हो, सो को रकम अंक र अक्षर दुवैमा उल्लेख गरेको हुनुपर्ने छ। घर भाडामा नियमानुसार घर बहाल कर समेतको एकमुष्ठ भाडा रकम उल्लेख गर्नुपर्नेछ ।

५. घरभाडामा नियमानुसार लाग्ने कर रकम कट्टी गरी बाँकी रकम बैंक खातामा भुक्तानी गरिनेछ।

६. प्रस्ताव दाखिला गर्ने स्थान:- समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, टंकप्रसाद घुम्ती सडक, अनामनगर, काठमाण्डौंको प्रदेश सहकारी रजिष्ट्रारको अस्थायी कार्यालय, अनामनगर, काठमाण्डौं ।

७. प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२।१०।०५ गते कार्यालय समय भित्र। सो दिन सार्वजनिक विदा परेमा त्यस पछि लगत्तै कार्यालय खुल्ने दिनको कार्यालय समय भित्र ।प्रस्ताव खोल्ने मिति :२०८२/१०/०६, १०:०० बजे ।

८. सार्वजनिक सवारीको सरल पहुँच साथै राष्ट्रिय सहकारी नियमन प्राधिकरण, सहकारी बिभाग र प्रहरी परिसर नजिक भएको घर प्राथमिकतामा पर्नेछ।

९. घरभाडामा दिने प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने वा सम्झौता सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नु हुन वा मोवाईल नं. ९८५५०१६१२७, ९८५५०७२२२६ मा सम्पर्क गर्न सकिनेछ । साथै यस कार्यालयको वेवसाईट www.cor.bagamati.gov.np बाट पनि जानकारी लिन सकिनेछ ।

...................

(प्रकाश खड्का)

अधिकृत सातौं

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
**प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय**
काठमाडौं, नेपाल।
registrar.mocpa@bagamati.gov.np

पत्र संख्याः २०८२/८३

चलानी नं. ४८

बागमती प्रदेश सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय काठमाडौं, नेपाल

मितिः२०८२/०९/३०

विषयः घर बहाल सम्बन्धी प्रस्ताव खोल्ने मिति संसोधन सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,काठमाण्डौं ।
श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय,काठमाण्डौं।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काठमाण्डौं।
श्री प्रदेश लेखा ईकाइ कार्यालय,काठमाडौं।
श्री समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, काठमाडौं।
श्री सरोकारवाला सबै ।

उपरोक्त सम्बन्धमा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय,काठमाण्डौमा स्थापनार्थ मिति २०८२।०९।१७ को माननीय मन्त्रीस्तरको निर्णयानुसार मिति २०८२।०९।२२ गतेबाट अस्थायी रुपमा अनामनगर काठमाडौंमा समितिको कार्यालयबाट कार्य शुभारम्भ भएको हुँदा, कार्यालयको लागि उपयुक्त घर घरभाडामा लिने प्रयोजनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ को उपनियम (१) र उपनियम (११) बमोजिम २०८३ असार मसान्तसम्मको लागि यस कार्यालयलाई घरभाडा दिने प्रस्ताव आव्हानको सात (७) दिने सूचना टाँसको लागि पठाईएकोमा मिति २०८२/१०/०५ गते सोनाम ल्होछारको सार्वजनिक बिदा परेको हुँदा मिति २०८२/०९/२९ को सूचनाको शर्त.न.(७) लाई मिति २०८२/१०/०६ को कार्यालय समय सम्म अन्तिम प्रस्ताव पेश गर्ने मिति थप र प्रस्ताव खोल्ने मिति २०८२/१०/०७ गते १०:०० बजे कायम गरिएको बेहोरा अनुरोध छ।

(प्रदिप राज पौडेल)
रजिष्ट्रार

बोधार्थः
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,हेटौंडा, नेपाल
श्री सहकारी तथा गरिबी निवारण मन्त्रालय,हेटौडा,मकवानपुर।